दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १६६ | बुटवल | २०८३ असार ०४ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday Jun 18, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

# कस्तो छ तिलोत्तमाको नीति तथा कार्यक्रम ?

आफ्नै कलेजमा फार्मेसी र नर्सिङ पढाइ, स्थानीय घाटसम्म निःशुल्क मलामी बस, नगरकै सुलभ ल्याब सेवा, महिलामैत्री हाटबजार, सुलभ एग्रोभेट पसलदेखि नगरलाई सुशासन सिकाइ केन्द्र बनाउनेसम्मका विषय नीति तथा कार्यक्रममा समावेश छन् ।

**लुम्बिनी संवाददाता**
*बुटवल*

तिलोत्तमा नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम नगर सभामा पेश गरेको छ। नगर प्रमुख रामकृष्ण खाँणले नगर सभाको २१औं अधिवेशनको पहिलो वैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गरेका छन् ।

नीति तथा कार्यक्रममा शिक्षा र स्वास्थ्य, कृषि तथा पशुपालन, पूर्वाधार विकास, सुशासन र डिजिटल सेवा, पर्यटन र वातावरण, महिला, युवा र उद्यमशीलता, रोजगार, सीप तथा उद्यमशीलता विकासलाई प्राथमिकता दिइएको छ।

नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नगर प्रमुख खाँणले आफ्नै सिटी कलेजमा फार्मेसी र नर्सिङ पढाइदेखि स्थानीय घाटसम्म निःशुल्क मलामी बस, सुलभ ल्याब सेवा, महिलामैत्री हाटबजार र सुलभ एग्रोभेट पसल सञ्चालनसम्मका कार्यक्रम अघि सारेको छ। नीति तथा कार्यक्रममा तिलोत्तमालाई 'सुशासन सिकाइ केन्द्र'का रूपमा विकास गर्ने घोषणा समेत गरिएको छ।

नगरपालिकाले कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार, पर्यटन र सुशासनलाई प्राथमिकतामा राख्दै आगामी वर्षलाई 'शिक्षा, स्वास्थ्य र अवसरको वर्ष' घोषणा गरेको छ। नीति तथा कार्यक्रममा कृषि उत्पादन वृद्धि गर्न डिजिटल एपमार्फत् कृषि परामर्श, माटो परीक्षण, मौसम पूर्वानुमान र रोग पहिचान सेवा विस्तार गरिने उल्लेख छ। किसानलाई कृषक सेवा कार्डका आधारमा मल, बिउ, सिँचाइ तथा पशुपालनमा अनुदान दिने व्यवस्था गरिने भएको छ भने दूध उत्पादक किसानलाई प्रतिलिटर दुई रुपैयाँ अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

किसानको उत्पादनको सुरक्षित भण्डारण र बजारीकरणका लागि एकीकृत सङ्कलन केन्द्र स्थापना गरिने, प्रमुख अन्नबाली न्यूनतम समर्थन मूल्यमा खरिद गरिने तथा प्रत्येक स्थानीय हाटबजारमा किसानका लागि निःशुल्क स्टल उपलब्ध गराइने नीति लिइएको छ। पशु स्वास्थ्य सेवालाई घरदैलोमा पुऱ्याउन पशु चिकित्सक र प्राविधिक परिचालन गरिने तथा सार्वजनिक-निजी साझेदारीमा सुलभ एग्रोभेट पसल सञ्चालन गरिने भएको छ।

पर्यटन प्रवर्द्धनतर्फ 'भिजिट लुम्बिनी, स्टे तिलोत्तमा' अभियान सञ्चालन गरिने भएको छ । शंकरनगर वन विहारको बहुउद्देश्यीय भ्यू टावर सञ्चालनमा ल्याइने, कुञ्ज पार्कलाई लेजर लाइटसहितको रात्रिकालीन उद्यानका रूपमा विकास गरिने र सेमरीस्थित सखिया थारू होमस्टेलाई पर्यटनसँग जोड्ने कार्यक्रम ल्याइएको छ। बाउन्नकोटी वन क्षेत्रको नन्दभाउजु ताल संरक्षण, मोक्षधाम पूर्वाधार विकास तथा कृषि पर्यटन प्रवर्द्धनका कार्यक्रम पनि समेटिएका छन् ।

महिला उद्यमशीलता प्रवर्द्धनका लागि सिमानगरमा महिलामैत्री हाटबजार सञ्चालनमा ल्याइने भएको छ। महिला उद्यमीका उत्पादन बिक्रीका लागि सम्झना बाल उद्यानमा बिक्री केन्द्र निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइने तथा एकल महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सीपमूलक तालिममार्फत स्वरोजगारमा जोडिने नीति लिइएको छ।

पूर्वाधार विकासतर्फ नगरपालिकाले आगामी वर्षलाई 'सडक मर्मत वर्ष' घोषणा गरेको छ। रणनीतिक महत्वका सडकहरूको स्तरोन्नति र मर्मत अभियान सञ्चालन गरिने भएको छ। वडा नम्बर ४, ५, ६, ७, ९, १३, १४ र १५ जोड्ने ऐतिहासिक पुरानो सडकलाई बहुवर्षीय गौरवको आयोजनाका रूपमा अघि बढाइनेछ । मधवलियादेखि एक्स्ट्राटेक ओभल क्रिकेट स्टेडियमसम्मको सडक तथा तिलोत्तमा चक्रपथ निर्माणका लागि संघीय र प्रदेश सरकारसँग समन्वय गरिने भएको छ।




खानेपानी क्षेत्रमा वडा नम्बर १० देखि १७ सम्मका उपभोक्तालाई मासिक १० हजार लिटरसम्म पानी उपभोग गर्दा महसुलमा ५० प्रतिशत छुट दिने व्यवस्था प्रस्ताव गरिएको छ। पिउने पानीको गुणस्तर परीक्षणका लागि प्रयोगशाला स्थापना गर्न पनि सहजीकरण गरिने भएको छ।

शिक्षा क्षेत्रमा नगरको सिटी कलेजमा डिप्लोमा इन फार्मेसी र पिसिएल नर्सिङ (स्टाफ नर्स) कक्षा सञ्चालनमा ल्याइने भएको छ । सबै सामुदायिक विद्यालयका प्रारम्भिक बालविकास कक्षालाई वातानुकूलित बनाइने तथा स्मार्ट बोर्ड नभएका माध्यमिक विद्यालयलाई स्मार्ट बोर्ड उपलब्ध गराइने नीति छ। 'एक विद्यालय, एक सृजनशील कार्यक्रम', 'एक माध्यमिक विद्यालय, एक स्काउट युनिट' र करियर गाइडेन्स कार्यक्रमलाई थप प्रभावकारी बनाइने भएको छ।

स्वास्थ्य क्षेत्रमा 'कोखदेखि शोकसम्म तिलोत्तमा सरकार' अभियानलाई थप विस्तार गरिने भएको छ । गर्भवती तथा सुत्केरी महिलालाई निःशुल्क भिडियो एक्स-रे सेवा, स्थानीय घाटसम्म निःशुल्क मलामी बस सेवा, सुलभ फार्मेसी र आगामी वर्षभित्र तिलोत्तमा सुलभ ल्याब सञ्चालनमा ल्याइने कार्यक्रम समेटिएको छ। आनन्दबन नगर अस्पताल र बीपी ग्राम आधारभूत अस्पताललाई गुणस्तरीय ल्याब तथा रेडियोलोजी सेवासहित सञ्चालनमा ल्याइने तथा आवश्यक औषधि निःशुल्क उपलब्ध गराइने उल्लेख छ । नगरवासीलाई आवश्यक रगत निःशुल्क उपलब्ध गराउने कार्यक्रमलाई पनि निरन्तरता दिइने भएको छ।

पर्यावरण तथा फोहोर व्यवस्थापनतर्फ निजी क्षेत्रसँग साझेदारीमा फोहोर प्रशोधन तथा व्यवस्थापन केन्द्र स्थापना गरिने भएको छ । 'ग्रीन तिलोत्तमा, क्लिन तिलोत्तमा' अभियानलाई निरन्तरता दिँदै मुख्य सडकमा हरियाली क्षेत्र निर्माण गरिनेछ। वातावरणीय अनुसन्धान तथा परीक्षण ल्याब स्थापना गर्ने र व्यापक वृक्षारोपण अभियान सञ्चालन गर्ने कार्यक्रम पनि समावेश छ।

सुशासनतर्फ नगरपालिकाले 'कार्यालयमा लाइन होइन, अनलाइन सेवा' नीति अघि सारेको छ। वडा र नगरबाट प्रदान हुने सेवा क्रमशः अनलाइन प्रणालीमार्फत् प्रवाह गरिने, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त नागरिकलाई घरदैलोमै सेवा उपलब्ध गराइने भएको छ। ई-गभर्नेन्स, नागरिक मूल्याङ्कन प्रणाली, डिजिटल नागरिक बडापत्र र करसम्बन्धी पूर्वसूचना प्रणाली लागू गरिने कार्यक्रम पनि नीति तथा कार्यक्रममा समेटिएको छ।

सबैभन्दा महत्वाकांक्षी घोषणामध्ये तिलोत्तमालाई 'गुड गभर्नेन्स लर्निङ अर्गनाइजेसन' अर्थात् सुशासन सिकाइ केन्द्रका रूपमा विकास गर्ने योजना रहेको छ। नगरपालिकाले अन्य स्थानीय तह, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग साझेदारी गर्दै सुशासन, प्रविधि, सीप र पुँजी आदान-प्रदानको केन्द्र बनाउने लक्ष्य लिएको छ।

नीति तथा कार्यक्रमले कृषि आधुनिकीकरण, स्वास्थ्य तथा शिक्षामा सेवा विस्तार, पूर्वाधार निर्माण, पर्यटन प्रवर्द्धन र डिजिटल सुशासनलाई एकैसाथ जोडेको छ । तर महत्वाकांक्षी कार्यक्रमहरूको कार्यान्वयनका लागि आवश्यक स्रोत, बजेट व्यवस्थापन र परिणाममुखी कार्यसम्पादन भने आगामी वर्षको मुख्य परीक्षा हुने देखिएको छ।

## बुटवलमा असार ६ र ७ गते राष्ट्रिय मिडिया सम्मेलन

बुटवल । नेपाली मिडिया क्षेत्रले भोगिरहेको आर्थिक, नीतिगत तथा प्राविधिक चुनौतीबारे व्यापक बहस गर्न आगामी असार ६ र ७ गते बुटवलमा चौथो राष्ट्रिय मिडिया सम्मेलन २०८३ आयोजना हुने भएको छ । प्रकाशन तथा प्रसारण संघ, लुम्बिनीको आयोजनामा तथा नेपाल मिडिया सोसाइटीको सह-आयोजनामा हुन लागेको सम्मेलनको मूल नारा "संकटबाट सम्भावनातर्फः नेपाली मिडियाको दिगो भविष्य" र उपनारा "मिडियामा विश्वसनीयता, विविधीकरण र स्थायित्वको खोजी" रहेको छ।

आयोजकले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार पछिल्ला वर्षहरूमा नेपाली मिडिया उद्योग, विशेषगरी छापा सञ्चारमाध्यम, विज्ञापन बजारको संकुचन, डिजिटल प्लेटफर्मको तीव्र विस्तार, बढ्दो सञ्चालन खर्च तथा राजस्व स्रोतको कमीका कारण गम्भीर संकटबाट गुज्रिरहेको सन्दर्भमा सम्मेलन आयोजना गर्न लागिएको हो।

सम्मेलनमा सरकारी विज्ञापन नीति, सञ्चारमाध्यमको दिगोपन, डिजिटल विज्ञापनको विस्तार, सञ्चारमाध्यमको विश्वसनीयता, विज्ञापन वितरण प्रणाली, राजस्व विविधीकरण, पाठक तथा दर्शक मापन प्रणाली, डिजिटल संक्रमण तथा सञ्चार उद्योगको भविष्यका विषयमा कार्यपत्र प्रस्तुति, विषयगत छलफल, प्यानल बहस र खुला अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने जनाइएको छ।

सम्मेलनको प्रमुख उद्देश्य सरकारी विज्ञापन नीतिमा आवश्यक सुधारका लागि साझा धारणा निर्माण गर्नु, सञ्चारमाध्यमका लागि वैकल्पिक राजस्व स्रोतको खोजी गर्नु, डिजिटल रूपान्तरणलाई अवसरका रूपमा उपयोग गर्ने रणनीति विकास गर्नु तथा सञ्चार उद्योगभित्र सहकार्य र एकताको वातावरण सुदृढ गर्नु रहेको विज्ञप्तिमा उल्लेख छ।

सम्मेलनको दोस्रो दिन राष्ट्रिय दैनिक पत्रिकाहरूको विशेष भेला आयोजना गरिनेछ। उक्त भेलामा दैनिक पत्रिकाहरूले भोगिरहेका साझा समस्या, वितरण प्रणाली, मुद्रण लागत, विज्ञापन व्यवस्थापन, डिजिटल संक्रमण तथा नीतिगत सुधारका विषयमा केन्द्रित छलफल हुने जनाइएको छ। सम्मेलनको समापनमा "बुटवल घोषणा-२०८३" जारी गरिनेछ । घोषणामार्फत नेपाली मिडिया उद्योगको दिगोपन, विश्वसनीयता अभिवृद्धि, विज्ञापन वितरण प्रणालीमा पारदर्शिता, नयाँ राजस्व मोडेलको विकास तथा सञ्चारमाध्यम र विज्ञापन बजारबीच सहकार्य विस्तारका विषयमा साझा प्रतिबद्धता सार्वजनिक गरिने आयोजकको भनाइ छ।

त्यसैगरी, सरकारी विज्ञापन वितरण प्रणालीलाई मापदण्डमा आधारित, पारदर्शी र न्यायोचित बनाउन, राष्ट्रिय मिडिया दिगोपन कोष स्थापना गर्न, डिजिटल विज्ञापन बजारको उचित नियमन गर्न तथा स्थानीय सञ्चारमाध्यम संरक्षणका लागि आवश्यक नीति निर्माणका विषयमा सम्बन्धित निकायसँग पहल गर्ने अपेक्षा सम्मेलनले राखेको छ।

देशभरका छापा, रेडियो, टेलिभिजन तथा अनलाइन सञ्चारमाध्यमका सञ्चालक, प्रकाशक, सम्पादक, पत्रकार, सञ्चार विज्ञ, नीतिनिर्माता तथा विज्ञापन क्षेत्रका प्रतिनिधिहरूको सहभागिता रहने उक्त सम्मेलनले नेपाली मिडियाको वर्तमान संकटलाई अवसरमा रूपान्तरण गर्दै दिगो, प्रतिस्पर्धी र विश्वसनीय सञ्चार क्षेत्र निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास आयोजकले व्यक्त गरेको छ।

## गौतमबुद्ध विमानस्थल सञ्चालन उच्च प्राथमिकतामा : अर्थमन्त्री

बुटवल । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताएका छन् ।

नेपाल चेम्बर अफ कमर्सले आयोजना गरेको बजेटसम्बन्धी छलफलमा उनले यी विमानस्थल पूर्ण रूपमा सञ्चालनमा ल्याउन भारत र चीनसँग कुटनीतिक पहल भइरहेको बताएका हुन् ।

उनले परराष्ट्रमन्त्री शिशिर खनालको भारत र चीन भ्रमणमा समेत विमानस्थल सञ्चालन, हवाई मार्ग विस्तार, कनेक्टिभिटी र व्यवस्थापनका विषय प्रमुख एजेण्डाका रूपमा उठाएको बताए।

उनले भने- 'भैरहवाको एयरपोर्ट सञ्चालनको ल्याउन लागेको लागेकै छौं। हामीलाई चासो छैन होला ? त्यो पोखरा, भैरहवाको ऋण तिर्ने हामी, त्यो ऋणको फाइल सदर गर्ने त मै हुन्छु, यति किस्ता तिर्नुपर्ने भनेर हरेक दिन । त्यसैले जतिसक्दो छिटो दुवै विमानस्थल सञ्चालनका गर्न लागि परेका छौं ।'

उनले अगाडि भने-'परराष्ट्रमन्त्रीजी भारत जानुभयो, चीनबाट अब आज फर्कँदै हुनुहुन्छ । मुख्य एजेन्डा मध्ये यो पनि छ । कसरी यी एयरपोर्टहरूलाई सुचारु गर्ने ? एयर रुट्स, कनेक्टिभिटी, एयरपोर्ट म्यानेजमेन्टका कुराहरूमा हाम्रो एकदमै प्राथमिकतामा छ। जलस्रोत, हवाई उड्डयन, सडक निर्माण लगायतका विषयहरूमा नै हाम्रो अहिले कूटनीतिक इकोनोमिक डिप्लोमेसी चलिराखेको छ। हाम्रो पार्टीका सभापति जानुभयो, परराष्ट्रमन्त्री जानुभयो, केही समय पछि म आफैँ जाउँला। कसैले आँट्नै नसकेका, आँखा जुधाएर नेगोसियट गर्नै नसकेका विषयहरू पनि हामीले उठाइराखेका छौं ।'

उनले विगतमा उठाउनै नसेकका र समाधान नभएका विषयहरूमा समेत सरकारले सक्रिय रूपमा वार्ता र पहल गरिरहेको दाबी गरे।

## सभामुखको भूमिकामाथि संसदमा उठ्यो गम्भीर प्रश्न

अर्थमन्त्री वाग्ले र पूर्वाधार विकासमन्त्री लम्सालको अभिव्यक्तिप्रति पनि सांसदले आपत्ति जनाएका छन् । बुटवल । नेपाली कांग्रेसले सभामुख डोलप्रसाद अर्यालको भूमिकालाई लिएर गम्भीर प्रश्न उठाएको छ । बुधबार प्रतिनिधिसभामा पार्टीको छर्फबाट बोल्दै कांग्रेसका सांसद चन्द्र मोहन यादवले सभामुखले रास्वपासँगको सम्बन्ध त्याग्न नसकेको आरोप लगाए। सभाको सुरुमा विपक्षी सांसदले सभामुखको भूमिकामाथि प्रश्न उठाउँदै उठेर विरोध जनाएका थिए। सीमा विवादबारे प्रधानमन्त्रीको अभिव्यक्ति सच्याउने विषयमा रुलिङ नगरेको भन्दै विपक्षी दलहरूले सभामुख डोलप्रसाद अर्यालको भूमिकामाथि प्रश्न उठाएका हुन्। सभामुख अर्यालले रुलिङ गर्नुपर्नेमा त्यसो नगरेको विपक्षी दलको आरोप छ। नेपाली कम्युनिस्ट पार्टीका सांसद गोपाल शर्माले प्रधानमन्त्रीको अभिव्यक्तिविरुद्ध सभामुखको रुलिङको माग गरे।

नेपाली कांग्रेसका सांसद चन्द्र मोहन यादवले पनि सभामुखले रास्वपासँगको सम्बन्ध त्याग्न नसकेको आरोप लगाए।

» बाँकी ३ पेजमा

## 'मन्त्रीले ठेकेदारको खुट्टा भाँचेर सडक बन्दैन'
### निर्माण व्यवसायीका समस्या तत्काल सम्बोधन गर्न माग




बुटवल । भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्री सुनिल लम्सालले काम नगर्ने ठेकेदारको खुट्टा भाँचिदिनु पर्छ भनी दिएको सार्वजनिक अभिव्यक्तिप्रति लुम्बिनी निर्माण व्यवसायी संघ रुपन्देहीले आपत्ति जनाएको छ।

संघले बुटवलमा पत्रकार सम्मेलन गर्दै उक्त अभिव्यक्तिले निर्माण व्यवसायीहरूको मानमर्दनसंगै आक्रोशित, दुःखी तथा असुरक्षित महसुस गराएको स्पष्ट पारेको छ । संघका कार्यवाहक अध्यक्ष रमेश बेलबासेले जिम्मेवार पदमा रहेका मन्त्रीबाट आएको यस्तो अभिव्यक्तिले सम्पूर्ण निर्माण व्यवसायीको मानमर्दन गर्नुका साथै व्यवसायीहरूको सुरक्षामाथि प्रश्न चिन्ह खडा गरेको बताए।

कार्यवाहक अध्यक्ष बेलबासेले निर्माण क्षेत्रका समस्या समाधान संवाद, सहकार्य र नीतिगत सुधारमार्फत हुनुपर्ने उल्लेख गर्दै मन्त्रीको अभिव्यक्तिप्रति खेद प्रकट गरे । विकास आयोजनाहरूका लागि नदीजन्य पदार्थ (ढुंगा, गिटी, बालुवा, माटो) नपाएर बाहिरी जिल्लामा पुगेर महँगो मूल्य तिरेर ल्याउनुपर्ने अवस्था रहेको उनले गुनासो गरे । 'मन्त्रीले खुट्टा भाँच्दैमा देशका सडक र विकास निर्माणका काम पूरा हुँदैनन्, समस्या समाधानका लागि सम्माँनजनक व्यवहार र व्यवहारिक पहल आवश्यक छ,' उनले भने-'निर्माण व्यवसायीको मनोबल गिराउने र आतंकित बनाउने अभिव्यक्ति दिनुभन्दा निर्माण क्षेत्रका विद्यमान समस्या समाधानमा ध्यान दिन हाम्रो आग्रह छ।'

विकास आयोजनाको मूल्य समायोजन गर्दै म्याद थप, काम सकेर भुक्तानी नपाएका आयोजनको छिटो भुक्तानी गर्न उनले माग गरे । अहिले निर्माण क्षेत्र मूल्यवृद्धि, बैंक ब्याजदर, श्रमिक अभाव, सरकारी भुक्तानीमा ढिलाइ लगायतका गम्भीर समस्याबाट गुज्रिरहेको हुंदा सरकारले तत्काल समस्या समाधान गर्नुपर्ने माग गरे।

'इन्धनमा दोब्बर मूल्यबृद्धि, बिटुमिन जस्ता अत्यावश्यक निर्माण सामग्रीको अभावले मारमा परेका व्यवसायीमाथि मन्त्रीले खुट्टा भाँच्नुपर्छ भन्ने अभिव्यक्तिले निर्माण क्षेत्र त्रसित र आतंकित बन्न पुग्यो,' बेल्बासेले भने-'व्यवसायीहरू चरम आर्थिक तथा मानसिक दबाबमा परेका बेला भौतिक पूर्वाधारमन्त्री सुनिल लम्सालबाट व्यवसायीलाई धम्काउने अभिव्यक्ति आउनु दुःखद् र खेदजनक छ ।' संघका सल्लाहकार जवीन कक्षपतीले निर्माण सामग्रीको मूल्यवृद्धि, नदीजन्य पदार्थको अभाव, बैंकिङ ब्याजदर, श्रमिक अभाव, इन्धनको मूल्य वृद्धि, सरकारी निकायबाट समयमै भुक्तानी नहुनु तथा मूल्य समायोजन नहुनु जस्ता समस्याले निर्माण व्यवसायीहरू संकटमा परेको अवस्थामा मन्त्री लम्सालले व्यवसायीको मनोबल गिराउने अभिव्यक्ति दिनु न्यायोचित नएको बताए।

» बाँकी पेजमा

नगरवासीहरुमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं ।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्यास स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचविखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

विनय कुमार श्रीवास्तव
प्रमुख प्रशासकीय अधिकृत

सुदीप पौडेल
नगर प्रमुख

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# फोहरमैला व्यवस्थापनमा जवाफदेहिताको अभाव

शहरी फोहरमैला व्यवस्थापनबारे लामो समयदेखि बहस हुँदै आए पनि समस्या ज्यूँ का त्यूँ छ। बहस र छलफल हुने, तर व्यवस्थापनका लागि सरोकारवाला निकायको गंभीर चासोको अभावले समस्या चर्को छ। नदी किनार र वन क्षेत्रमा फोहरमैलाको व्यवस्थापन गरेर स्थानीय तहले आफ्नो मनपरी देखाएको छ। नदी किनार र वन क्षेत्रमा भइरहेको फोहरमैला व्यवस्थापनले स्वच्छ वातावरणका निम्ति जोखिम बढेको छ।

बुटवल उप-महानगरपालिकाले तिनाउ नदी किनारमा फोहर व्यवस्थापन गर्दै आएको छ। सिद्धार्थनगरपालिकाले डण्डा नदी किनारमा फोहरमैला व्यवस्थापन गर्दै आएको वर्षौं भयो। देवदह नगरपालिकाले बस्ती नजिकैको वन क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्दा स्थानीय समुदाय प्रत्यक्ष मारमा परेका छन्। अरु पालिका पनि फोहरमैला व्यवस्थापनमा प्रभावकारी काम गर्न सकेका छैनन्। अहिले पालिकाले फोहरमैला व्यवस्थापनमा समस्या भोगिरहेका छन्, तर समस्या समाधानको बाटो पहिल्याउन सकेका छैनन् ।पालिकाभित्रको फोहर व्यवस्थापनको काम पालिकाको हो। संविधानले फोहरमैला व्यवस्थापनको जिम्मेवारी पालिकालाई दिएको छ। यो एकल अधिकारभित्र पर्ने र नागरिकको दैनिक जीवनसँग जोडिएको विषयप्रति पालिका गंभीर छैनन् भन्ने देखिन्छ। सिद्धार्थनगर जस्तो पर्यटकीय नगरले डण्डा नदी किनारमा वर्षौंदेखि फोहर फाल्दै आउनु र बुटवल जस्तो साधनस्रोत सम्पन्न पालिकाले फोहरमैला व्यवस्थापनको पहलकदमी लिन नसक्नुले उनीहरुको कमजोरी हो। नदी मान्छेका लागि मात्रै नभई हरेक प्राणीका लागि आवश्यक छ। नदीलाई स्वच्छ रुपमा बग्न नदिएर मान्छेले प्रकृतिप्रति अन्याय गरेको छ। प्रकृतिले दिएका अनुपम उपहारलाई जोगाउने र संरक्षण गर्ने पहिलो जिम्मेवारी मान्छेको हो। जहाँ अरु जीवजन्तु सहजै बाँच्न सकुन्। अरु जीवजस्तु सहजै बाँच्न सक्दा नै मानव जीवन सार्थक हुने हो। फोहरमैला नदी किनारमै फाल्दा अरु नदीमा बाँच्ने जीवजन्तुका लागि त कष्टकर भएको छ, मान्छेकै जीवन संकटमा परेको छ। वातावरणीय असन्तुलन बढेको छ।

विकास भनेको जिल्ला सडक, विमानस्थल र ठूला भवन मात्रै होइनन्। मान्छेको जीवन सहज बनाउनका लागि प्रकृतिको दोहनलाई न्यूनीकरण गर्नुपर्छ ।फोहरमैला व्यवस्थापनको ठाउँ नदी किनारलाई होइन्, एउटा व्यवस्थित क्षेत्र खोजौं, जहाँ फोहरमैला व्यवस्थापन गर्दा कसैलाई असर नगरोस्। संकलन भएको फोहरमैला प्रशोधन गरी आयआर्जन हुन सकोस्। कुनै एउटा पालिका मात्रै नभई सम्भव हुने धेरै पालिका मिलेर यस्तो काम गर्न सम्भव छ। दुई वा दुईभन्दा बढी पालिका मिलेर फोहरमैलाको दिगो व्यवस्थापनका लागि ठाउँ खोजेर अघि बढ्न सक्दा नदीमा भइरहेको प्रदुषण रोक्न सघाउ पुग्छ नै, पालिकाले पनि केही गर्दैछन् भन्ने सन्देश प्रवाह हुन्छ।

# अप्राकृतिक खानपान र हाम्रो स्वास्थ्य



**दुर्योधन बस्नेत**

> रोगको उपचारका लागि हामी लाखौं रुपैयाँ खर्च गर्छौं। विभिन्न उपचार पद्धति अपनाउँछौं। नाम चलेका डाक्टर र अस्पताल धाउँछौं। कतिपय अवस्थामा धामीझाँक्री तथा अन्य वैकल्पिक उपायको समेत सहारा लिन्छौं। तर धेरै अवस्थामा रोग पूर्ण रूपमा निको नभई केही समय नियन्त्रणमा मात्र रहने अनुभव गरिन्छ। औषधि खाँदासम्म ठीक हुने र छाडेपछि पुनः समस्या दोहोरिने अवस्थाले धेरै मानिसलाई निराश बनाएको छ।

हामीलाई बाँच्नका लागि तीनवटा आधारभूत कुराको आवश्यकता पर्छ, हावा, पानी र खाना । यतिबेला वातावरणीय प्रदूषणका कारण यी तीनवटै वस्तु प्रदूषित हुन पुगेका छन्। वायुमण्डलमा यत्रतत्र फैलिएको धुवाँ र धुलोका कारण हामी स्वस्थ श्वासप्रश्वास गर्न सकिरहेका छैनौं । जसका कारण धेरै मानिस फोक्सोसम्बन्धी रोग तथा दमका शिकार भइरहेका छन् भने छाला र आँखाका रोगीको संख्या पनि बढ्दो क्रममा छ।

त्यसैगरी हामीले पिउने पानी पनि पूर्ण रूपमा सुरक्षित छैन। बढ्दो सहरीकरणले निम्त्याएको अव्यवस्थित बसोबासका कारण सहरी क्षेत्रमा रहेका अधिकांश पानीका मुहान, स्रोत, ढुङ्गेधारा, कुवा तथा इनारहरू मासिँदै र लोप हुँदै गएका छन्। अर्को कुरा, वर्षौंअघि बिछ्याइएका पानीका पाइपहरू पुराना भई खिया लागेका छन् भने ठाउँ-ठाउँमा टुटफुट भएका कारण पानीमा फोहोर मिसिने गरेको छ। त्यसैले खानेपानी संस्थानले वितरण गर्ने पानी पनि निर्धक्कसँग पिउन योग्य मान्न सकिने अवस्था छैन।

यतिबेला काठमाडौंको हकमा भने मेलम्ची खानेपानी आयोजनाअन्तर्गत नयाँ पाइप बिछ्याइएकाले केही हदसम्म उक्त समस्या समाधान भएको छ। तर यो समस्या सहरको मात्र होइन। ग्रामीण भेगका पानीका मुहानसमेत बालीलाई किराबाट जोगाउन प्रयोग गरिने किटनाशक विषादीका कारण प्रदूषित भइरहेका छन् । अर्कोतर्फ, सहरी क्षेत्रमा वैकल्पिक पिउने पानीका रूपमा प्रयोग गरिने विभिन्न कम्पनीका सिलबन्दी बोतल तथा जारको पानीसमेत पूर्णरूपमा शुद्धीकरण नभएको पाइन्छ। सम्बन्धित नियामक निकायबाट समय-समयमा गरिएको अनुगमनले पनि यो तथ्य पुष्टि गरिसकेको छ।

यसैगरी, खानाका रूपमा प्रयोग गरिने अधिकांश वस्तु स्वस्थ र शुद्ध भेटिन कठिन छ। चाहे खाद्यान्न होस्, तरकारी होस्, फलफूल होस् वा बजारमा पाइने अन्य खानेकुरा, सबैमा कुनै न कुनै समस्या देखिन्छ। बालीलाई किराबाट जोगाउन नर्सरी अवस्थादेखि नै विषादी छर्ने गरिन्छ। फल लाग्न थालेपछि वा उपभोगयोग्य अवस्थामा पुगेपछि पुनः विषादी प्रयोग गरिन्छ। यस्तो अवस्थामा त्यसबाट उत्पादित वस्तु पूर्ण रूपमा स्वस्थ रहने अपेक्षा गर्न कठिन हुन्छ।

अहिले त विषादीबिना उत्पादन नै हुँदैन र व्यापार चौपट हुन्छ भन्ने मानसिकता नै विकसित भइसकेको छ। यतिले मात्र नपुगेर छिटो आम्दानी गर्ने उद्देश्यले पूर्ण रूपमा परिपक्व नभएका तरकारीमा विभिन्न रासायनिक पदार्थ मिसाइएका घोल इन्जेक्सनका रूपमा प्रयोग गरी अप्राकृतिक रूपमा फुलाएर बजारमा बिक्री गर्ने प्रवृत्ति समेत देखिन्छ। यसरी उपभोक्ताको स्वास्थ्यमाथि प्रत्यक्ष खेलवाड भइरहेको छ।

अरू त परै जाओस्, सागमा समेत अघिल्लो दिन विषादी छरेर भोलिपल्ट बजारमा बिक्रीका लागि ल्याइन्छ। फलफूललाई ताजा र आकर्षक देखाउन विभिन्न किसिमका अखाद्य पदार्थ प्रयोग गरिन्छ। स्याउलाई चम्किलो र ताजा देखाउन मैन लगाइन्छ भने केरालाई समयभन्दा अगावै पकाउन रासायनिक पदार्थ प्रयोग गरिन्छ। त्यसैगरी आँप पनि प्राकृतिक रूपमा पाक्नुअघि टिपेर केमिकलको प्रयोगमार्फत् पकाइन्छ।

खाद्यान्नको अवस्था पनि फरक छैन। दाल, चामल तथा गेडागुडीमा मिसावट हुने गरेको पाइन्छ। दालमा अत्यधिक पालिस गरिन्छ। कतिपय अवस्थामा दालजस्तै देखिने गरी रङ लगाइएका ढुङ्गासमेत मिसाइएका समाचार सार्वजनिक भएका छन्। चामलमा पनि यस्तै प्रकारका अखाद्य वस्तु मिसाइने गरेको भेटिएको छ। बेसारमा ढुटो र मसालामा काठको धुलो मिसाइने गरिएको पाइन्छ। हुँदाहुँदै नुनजस्तो आधारभूत खाद्यवस्तुमा समेत बालुवा मिसाइएका घटना सार्वजनिक भएका छन्।

बजारमा पाइने तयारी खानेकुराको अवस्था झन् चिन्ताजनक छ। तिनलाई बनाउने तरिका, प्रयोग हुने कच्चा पदार्थ, पकाउने भाँडावर्तन, भण्डारणको अवस्था र सरसफाइका मापदण्ड हेर्दा धेरै खानेकुरा स्वास्थ्यका दृष्टिले उपयुक्त देखिँदैनन् । मिठाइमा अखाद्य रङ मिसाइन्छ। समोसा, पकौडालगायतका खानेकुरा एउटै तेल वा डाल्डा घिउमा पटक-पटक पकाइन्छ। यसरी बारम्बार तताइएको तेल ट्रान्सफ्याटमा परिणत भई स्वास्थ्यका लागि हानिकारक बन्न पुग्छ।

पकाउने तेल र घिउको गुणस्तर नै कमजोर भएको अवस्थामा त्यसलाई बारम्बार प्रयोग गर्दा त्यसले स्वास्थ्यमा कस्तो असर पार्ला भन्ने सहजै अनुमान गर्न सकिन्छ। समोसा, चाउमिन, पकौडा लगायतका परिकारमा प्रयोग गरिने सामग्रीको गुणस्तरबारे सम्बन्धित निकायले समय-समयमा गरेको अनुगमनले पनि धेरै प्रश्न उठाएको छ।

बजारमा पाइने माछालाई ताजा देखाउन फर्मालिनजस्ता रसायन प्रयोग गरिएको पाइएका घटनासमेत सार्वजनिक भएका छन्। फर्मालिन शव संरक्षणमा समेत प्रयोग हुने रसायन हो। मासु पनि सधैँ स्वस्थकर र गुणस्तरीय पाइन्छ भन्ने अवस्था छैन। दूध, दही तथा मोहीमा मिसावट हुने गरेको गुनासो बेलाबेलामा उठ्ने गरेको छ। कतिपय अवस्थामा दूधमा अत्यधिक पानी मिसाइने गरिएको समेत भेटिएको छ।

त्यति मात्र होइन, छिटो उत्पादन र बढी आम्दानीको चाहनाले अहिले खाद्यान्न, फलफूल र तरकारीमा हाइब्रिड जातको प्रयोग बढेको छ। उत्पादन वृद्धि सकारात्मक पक्ष भए पनि उपभोक्ताले स्वाद, गुणस्तर र पोषणका विषयमा चिन्ता व्यक्त गर्ने गरेका छन्। यसरी अखाद्य, अस्वस्थकर तथा अत्यधिक विषादीयुक्त खानेकुराका कारण शरीरलाई आवश्यक पर्ने भिटामिन, खनिज, कार्बोहाइड्रेट, प्रोटिन र फाइबरजस्ता पोषक तत्व पर्याप्त मात्रामा प्राप्त गर्न कठिन हुन थालेको छ।

यसका साथै जंकफुड र फास्टफुडजस्ता अस्वस्थकर खानपानप्रति हाम्रो आकर्षण बढ्दो छ। यस्ता खानेकुरामा चिनी, नुन र चिल्लोको मात्रा बढी हुन्छ। लामो समयसम्म सुरक्षित राख्न विभिन्न प्रकारका रासायनिक पदार्थसमेत प्रयोग गरिन्छ, जसले स्वास्थ्यमा दीर्घकालीन असर पार्न सक्छ।

अर्कोतर्फ, हुने खाने वर्गका मानिसहरू पनि सन्तुलित खानपानभन्दा बाहिरी भोजनतर्फ बढी आकर्षित हुन थालेका छन्। पाँचतारे होटल वा महँगा रेस्टुरेन्टमा गएर पिज्जा, बर्गर तथा मदिराजन्य पेय पदार्थ सेवन गर्नुलाई प्रतिष्ठाको विषय ठान्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ। यसले खानपानलाई अझ अव्यवस्थित बनाएको छ।

हाम्रो भान्सामा पनि खाना तयार गर्ने क्रममा विभिन्न कमजोरी देखिन्छन्। स्वादिष्ट बनाउने नाममा अत्यधिक चिल्लो प्रयोग गर्ने, मसला धेरै हाल्ने तथा खानेकुरा अत्यधिक डढाएर पकाउने गरिन्छ। यसले पनि स्वास्थ्यमा नकारात्मक असर पार्छ। खाना भण्डारण गर्ने स्थानको सरसफाइमा समेत धेरैले पर्याप्त ध्यान दिएका हुँदैनन्।

त्यति मात्र होइन, जिब्रो र इच्छामाथि नियन्त्रण गर्न नसक्दा हामी प्राकृतिकभन्दा अप्राकृतिक खानपानतर्फ आकर्षित भइरहेका छौं। भुटेको, तारेको, झानेको तथा पोलेको खानेकुराप्रति मोह बढ्दै गएको छ। परिणामस्वरूप पिज्जा, बर्गर, सेकुवा, छोइला, कचेला, मम, चाउमिन, समोसा जस्ता खानेकुरा लोकप्रिय बन्दै गएका छन्। अर्कोतर्फ, रोटी, ढिँडो, मकै, भटमासजस्ता तुलनात्मक रूपमा स्वास्थ्यकर परिकारप्रति रुचि घट्दै गएको छ।

हाम्रो खानामा करिब ८० प्रतिशत क्षारीय र २० प्रतिशत अम्लीय तत्व हुनुपर्नेमा व्यवहारमा यसको ठीक उल्टो अवस्था देखिन थालेको छ। त्यसमाथि नकारात्मक सोच र अनावश्यक तनावले हाम्रो स्वास्थ्यलाई थप कमजोर बनाइरहेको छ। फलस्वरूप क्यान्सर, मधुमेह, हार्ट अट्याक, मिर्गौला फेल हुने समस्या, अल्जाइमर, माइग्रेन, ट्यूमर, नसा च्यापिने समस्या, दम, खोकी, निमोनिया, ग्यास्ट्रिक, अल्सर, पायल्स, कब्जियत, मोतिबिन्दु, पिसाबसम्बन्धी सङ्क्रमण, प्रोस्टेटलगायतका विभिन्न रोग बढ्दै गएका छन्।

यी रोगको उपचारका लागि हामी लाखौँ रुपैयाँ खर्च गर्छौं। विभिन्न उपचार पद्धति अपनाउँछौं। नाम चलेका डाक्टर र अस्पताल धाउँछौं। कतिपय अवस्थामा धामीझाँक्री तथा अन्य वैकल्पिक उपायको समेत सहारा लिन्छौं। तर धेरै अवस्थामा रोग पूर्ण रूपमा निको नभई केही समय नियन्त्रणमा मात्र रहने अनुभव गरिन्छ। औषधि खाँदासम्म ठीक हुने र छाडेपछि पुनः समस्या दोहोरिने अवस्थाले धेरै मानिसलाई निराश बनाएको छ।

यही कारणले आज विश्वभरका मानिस वैकल्पिक उपचार पद्धतिको खोजीमा भौंतारिरहेका छन्। बाटोमा हिँड्दै गर्दा कसैले कुनै औषधिलाई अचुक उपचारका रूपमा प्रचार गऱ्यो भने धेरै मानिस त्यसतर्फ आकर्षित भइहाल्छन्। त्यसको प्रभाव, वैज्ञानिक आधार वा सम्भावित जोखिमबारे पर्याप्त जानकारी नलिई प्रयोग गर्ने प्रवृत्ति पनि देखिन्छ। किनकि मानिस रोगबाट पीडित छ र उसले समाधान खोजिरहेको छ।

म पनि यस्तै खोजीमा भौंतारिने बिरामीमध्ये एक थिएँ। खोजी गर्दै जाँदा मैले आफ्नो अनुभवका आधारमा केही उपाय फेला पारेँ। आज म पोषण तथा जडीबुटीजन्य उत्पादनको प्रयोगबाट आफूले भोग्दै आएका आधा दर्जनभन्दा बढी स्वास्थ्य समस्याबाट राहत पाएको अनुभव गर्छु। विशेष गरी हेल्दी लिभिङ नेपालले उत्पादन गरेको न्यूट्रिसनसम्बन्धी सामग्रीले मलाई लाभ पुगेको महसुस भएको छ।

अन्त्यमा, हामीले औषधिलाई खाना बनाउने होइन, खानालाई औषधिका रूपमा ग्रहण गर्ने संस्कार विकास गर्न आवश्यक छ। स्वस्थ, सन्तुलित र प्राकृतिक खानपान नै दीर्घकालीन स्वास्थ्यको आधार हो।

स्वास्थ्य खबरबाट

# खोला मिच्दा शहरमा सँधै डुबानको डर, गाउँमा अहिले पनि तुइनकै भर !

**अनुसा थापा**

आकाशमा गाडाङ्गगुड्ग गर्नेबित्तिकै भक्तपुरको राधेराधेस्थित घरधनीहरु त्रसित हुन्छन्। कारण हो-डुबान। गहिरो ठाउँमा भएकाले एकछिन पानी पर्ने बित्तिकै राधेराधे क्षेत्र डुबानमा पर्छ। २०४८-४९ सालसम्म राधेराधेमा एउटा पनि घर थिएन। हिँउदमै डुबान पर्ने जोखिम भएकाले त्यहाँ कसैले घर बनाएका थिएनन्।

त्यतिबेला राधेराधेमा रोपनीको ३० हजारमा पनि जग्गा बिक्री हुँदैनथ्यो। बाह्रै महिना हिलो हुने भएकाले कोही पनि त्यहाँ जग्गा किन्नै चाहँदैनथें। २०६६-६७ सालमा १५ तले भवन निर्माण भयो। २०७४-७५ सालमा भाटभटेनी सुपरमार्केट बन्यो। त्यसपछि त्यहाँ बस्ती बढ्न थाल्यो।

भाटभटेनी बनेपछि राधेराधेको जग्गाको भाउ ह्वात्तै बढ्यो। आनाकै ७५ लाखदेखि डेढ करोड रुपैयाँसम्म पुग्यो। जग्गाको भाउ बढेपछि राधेराधेको अधिकांश सरकारी जग्गा व्यक्तिको नाममा लगिएको छ। तर, डुबानको जोखिम भने अझै हटेको छैन। २०८१ असोज १० देखि १२ गतेसम्म पानी पर्यो।

राधेराधे क्षेत्र जलमग्न भयो। भाटभटेनीभित्रै पानी पसेको थियो। गत वर्षको असोज १७ देखि १९ सम्म वर्षात भएको थियो। त्यतिबेला पनि राधेराधे डुबानमा पर्यो। हुन त यो राधेराधेको हरेक वर्षको कहानी हो। भूमाफियाको जालमा फस्दा राधेराधेका बासिन्दा हरेक वर्ष पीडित बन्छन्।

पहिले पहिले डाँडामा घर बनाइन्थ्यो। कारण थियो-डुबानबाट जोगिनु, खेतीयोग्य जमिन बचाउनु। खोला छेउछाउ र गहिरो ठाउँमा खेतीपाती गरिन्थ्यो। खोला छेउछाउ र गहिरो ठाउँमा उब्जनी पनि राम्रो हुन्थ्यो। भूमाफियाले आफू कमाउनका लागि गहिरो ठाउँ, डाँडाकाँडा सबै प्लानिङ्ग गरे र बेचे।

सबैतिर घर बन्दा पानी जाने ठाउँ छैन। खोलालाई कुलो बनाइएको छ। खोला मिच्दामिच्दा साँघुरो बनेको छ। जसका कारण पानी पर्दा खोला बस्तीभित्र छिर्छ। जताततै घर र बाटो हुँदा आकाशबाट परेको पानी जाने ठाउँ नै भएन। त्यसैले त एकछिन पानी गर्दा काठमाडौं उपत्यकासहित देशको विभिन्न ठाउँ डुबानमा परिहाल्छ।

पहिले पो खोलानाला ठूला थिए। आकाशबाट परेको पानी जमिनले सोस्थ्यो। अहिले त त्यस्तो छैन। आकाशे पानीको उचित व्यवस्थापन नहुँदा हरेक वर्ष बस्ती डुबानमा पर्छ। खोला, राजकुलो सबै मासियो। खोलामाथि घर ठड्याइएको छ। धोबीखोला उर्लिएर मान्छेको घरभित्र छिर्छ।

बिजुलीबजार, अनामनगर, बुद्धनगरका बासिन्दा,'खोला घरभित्र पस्यो, सरकारले केही गरेन' भनेर आक्रोश पोख्छन्। यसमा खोलाको के गल्ती ? खोलाले आफ्नो बहने ठाउँ त लिइहाल्छ। खोलालाई कुलो बनाएपछि पानी पर्दा घरभित्र नछिरेर कहाँ जाओस् ? यसमा खोलाको होइन, मान्छेको गल्ती छ।

२०३२ सालसम्म धोबीखोला बगेर घट्टेकुलोसम्म आइपुग्थ्यो भन्नेहरु अहिले पनि भेटिन्छन्। तर, खोलालाई मिचेर घर बनाइयो। जसको परिणाम छेउछाउका बासिन्दाले भोगिरहेका छन्। खोलाको जमिन मिचेर घर बनाउने अनि खोला घरभित्र छिर्छ भनेर डोजर हाल्ने ? भक्तपुर नगरपालिका १ नम्बर वडा कार्यालयले बस्तीमा पानी छिर्ने भएपछि खोलामा डोजर हालेर गहिरो बनायो।

त्यसमा ५५ लाख खर्च भएको बताइन्छ। अहिले पनि डोजर हाल्न ठिक्क पारिएको छ। भूमाफियासँग मिलेर खोला छेउको सरकारी जग्गा दर्ता गरिदिने अनि जग्गाले तिरेको करले खोलाको माटो निकाल्ने ? यो जनताले तिरेको करको दुरुपयोग होइन ? त्यहाँबाट निकालिएको माटोमा पनि घोटाला भएको जानकारहरु बताउँछन्।

सरकारले खोलाको छेउछाउ बनेका संरचना हटाउनुपर्छ। खोलालाई कुलो बनाउन पाइँदैन। साथै, सेटिङमा व्यक्तिको नाममा लगिएको सरकारी सम्पत्ति खोज्नुपर्छ। खोलाको जमिनमा घर बनाएपछि खोला घरभित्र आउनु स्वाभाविकै हो। गल्ती गर्ने आफूहरु अनि भर्पाइचाँहि जनताले तिरेको करबाट गर्ने ?

भूमाफियाहरुले तालपोखरी, आल, राजकुलो सबै स्वाहा पारिदिए। दर्ता गरेर व्यक्तिलाई बेचे। पोखरी मासेर छाँया सेन्टर खडा गरिएको भनेर अदालतमा मुद्दा चलिरहेको छ। बर्खा सुरु भइसक्यो। एकछिन पानी पर्दा काठमाडौं उपत्यकाको विभिन्न स्थान डुबानमा पर्छ। यो समस्यालाई निराकरण गर्ने एउटा उपाय छ-सरकारी सम्पत्ति खोज्ने।

२०२१, २०२८ र २०३२ सालपछि दर्ता भएको जग्गाको सबै लगतकट्टा खारेज गरौं। खोला छेउछाउको सबै संरचना हटाऔं। सरकारले थापाथली किनारको बस्ती हटायो। अब त्यहाँ बाढी आएपनि के मतलब ? राजकुलो, ताल-पोखरी, ढुंगेधारा खोजौं र संरक्षण गरौं। जहाँ-जहाँ सरकारी सम्पत्ति कब्जा भएको छ, त्यो सबै फिर्ता ल्याऔं।

ललितपुरको नख्खु खोलामा २०८१ असोजमा बाढी आयो। तीन जना व्यक्ति बाढीमा फसे। उनीहरुले बचाउनका निम्ति सहयोग मागे। उद्धार गर्न नसकेपछि तत्कालीन गृहमन्त्री रमेश लेखकले माफी मागे। सुरक्षाकर्मीले पनि उनीहरुलाई उद्धार गर्न सकेन। एक जना व्यक्तिले आफ्नो ज्यानको बाजी राखेर उनलाई बचाए। यो घटनाबाट सरकार मात्र होइन, जनताले पनि पाठ सिक्नुपर्छ। खोला छेउछाउ जबरजस्ती बस्ने अनि बाढी आएपछि सरकारले जोगाएन भनेर रोइलो गर्ने। २०६५ मंसिर १ गतेको क्याबिनेट बैठकले खोलाको दायाँबायाँ २० मीटर छोडेर मात्र घर बनाउन दिने निर्णय गर्यो। २०८० पुस २ गतेको सर्वोच्च अदालतको फैसलामा बागमती, मनोहरा र विष्णुमती खोलामा ४० मीटर लागू गरिएको छ। ती खोला किनारबाट ४० मीटर छोडेर मात्र संरचना बनाउन पाइने फैसलामा उल्लेख छ। अन्य खोलाको हकमा २० मीटर नै कायम छ। २०८१ असार ३० गते प्रधानमन्त्री बनेका केपी शर्मा ओलीले क्याबिनेट बैठकबाट निर्णय गरेर ४० मीटरको फैसलालाई पुनःविचार गर्नका निम्ति महान्यायाधिवक्ताको कार्यालयमार्फत् प्रक्रिया अगाडि बढाए।

२०८२ माघ ४ गते सर्वोच्चले ४० हटाउँदै सबै खोलामा २० मीटर लागू गर्यो। काठमाडौं उपत्यकामा बस्न डरैडर छ। एकातिर भूकम्पको डर, अर्कोतिर डुबानको। १९९० र २०४५ सालमा ठूलो भूकम्प गयो। १९९० को भूकम्पले खासै क्षति गरेन। कारण थियो-खुला ठाउँ र माटो, खरको घर। २०४५ सालमा केहीले ज्यान गुमाए। २०७२ वैशाख १२ गते गएको भूकम्पमा काठमाडौं उपत्यकामा मात्रै झण्डै ९ हजारको मृत्यु भयो। उपत्यकामा पाँचदेखि १९ तलासम्मको घर बनेको छ। त्यही घरले किचेर मान्छे मर्न बेर छैन। सरकारले बेलैमा व्यवस्थित शहरको दीर्घकालीन नीति नबनाउँदा र जनता लापरवाह हुँदा उपत्यका जोखिमको केन्द्र बनेको छ। यहाँ बस्न नै डरमर्दो भइसकेको छ। उपत्यकामा जनताले खोलालाई दुःख दिइरहेका छन्, बाहिरी जिल्लामा खोलाले जनतालाई। खोलाले बगाएर उपत्यका बाहिरका जिल्लामा मान्छेको ज्यान गइरहेको घटना सार्वजनिक भइरहेको हुन्छ। खोलामा झोलुङ्गे पुल छैन। अहिले पनि तुइनकै भर छ।

विद्यार्थीहरु तुइनबाट खोला तरेर विद्यालय जान्छन्। तर, सरकार एउटा झोलुङ्गे पुल हाल्न चासो देखाउँदैन। सरकारको कमजोरीको कारण वर्षैंपिच्छे आम नागरिक खोलाले बगाएर मरिरहेका छन्। यता, नागरिकमा पनि सचेतना आएन। खोला छेउछाउ घर बनाउनुहुँदैन, अग्ला घर बनाउनुहुँदैन भन्ने चेतना जनतामा आएन।

जनता आफ्नो खुट्टामा आफैं बञ्चरो हानिरहेका छन्। वर्षौंपिच्छे जनता मर्छन्, सरकार दुःख व्यक्त गर्छ, सकियो। कसैले पाठ सिक्दैनन्।

# जैविक विविधतामाथि बढ्दो खतरा

**इन्द्राकुमारी केसी**
*घोडाघोडी (कैलाली)*

कैलालीको गौरीगङ्गा नगरपालिका-४ स्थित वसन्ता हरियाली, कालिका तथा वडा नं. ८ मा रहेको गौरीगणेश र शिवशक्ति सामुदायिक वन क्षेत्र जैविक विविधता संरक्षणका दृष्टिले अत्यन्त महत्वपूर्ण मानिन्छन्। हरियाली, प्राकृतिक सौन्दर्य र वन सम्पदाले समृद्ध यी वन क्षेत्र तराई र चुरे भूभागलाई जोड्ने महत्त्वपूर्ण जैविक कोरिडोर (वन्यजन्तु आवतजावत मार्ग) का रूपमा रहेका छन्।

पूर्व-पश्चिम राजमार्गसँगै फैलिएको यो कोरिडोर वन्यजन्तुको नियमित आवागमन हुने क्षेत्र हो। डमरु हुर्काउनका लागि सो क्षेत्रमा पाटेबाघ पनि आउने गर्दछन् । तर यही संवेदनशील वन क्षेत्र फोहर व्यवस्थापनको नाममा डम्पिङसाइटका रूपमा प्रयोग हुन थालेपछि यसको पर्यावरणीय महत्वमाथि गम्भीर चुनौती थपिँदै गएको छ। राजमार्ग छेउछाउमा जथाभावी फालिने फोहरले वन क्षेत्रको प्राकृतिक सौन्दर्य मात्रै होइन, समग्र पारिस्थितिक प्रणालीलाई नै जोखिममा पार्न थालेको छ । प्लास्टिकजन्यलगायत विभिन्न प्रकारका फोहर वन क्षेत्रमै थुपारिँदा वातावरणमा प्रत्यक्ष असर पुऱ्याएको छ भने वन्यजन्तुको वासस्थान, आहार प्रणाली र आवागमन मार्गसमेत प्रभावित हुन थालेका छन्।

**फोहरको थुप्रोले वन क्षेत्र प्रभावित**

वन क्षेत्रमा फोहर व्यवस्थापनको समस्याले वातावरणीय सन्तुलन र जैविक विविधता संरक्षणमा गम्भीर चुनौती थपिएको छ। पूर्व-पश्चिम राजमार्गसँगै फैलिएको वसन्ताजस्तो संवेदनशील वन क्षेत्रमा वर्षौंदेखि फोहर फालिने क्रम जारी रहँदा यसको प्रत्यक्ष असर वन्यजन्तुको वासस्थान, वनस्पति र समग्र पारिस्थितिक प्रणालीमा पर्न थालेको छ। संरक्षणकर्मी विजयराज श्रेष्ठ भन्छन्-"जैविक मार्गभित्र जथाभावी फोहर फालिनु अत्यन्तै चिन्ताजनक विषय हो। वसन्ता जैविकमार्ग वन्यजन्तुको जीवन रेखा हो। यस्ता क्षेत्रमा फोहर फाल्दा वन्यजन्तुको प्राकृतिक वासस्थान माथि प्रत्यक्ष हस्तक्षेप भएको छ।"

उनका अनुसार फोहरको बढ्दो असरले दीर्घकालीन रूपमा जैविक विविधता संरक्षणमा गम्भीर समस्या सिर्जना गर्नसक्छ । फोहर व्यवस्थापनको अव्यवस्थित अभ्यासले मानव-वन्यजन्तु द्वन्द्व बढाउने जोखिम रहेको छ । फोहरमा रहेका प्लास्टिकजन्य पदार्थ, रासायनिक अवशेष तथा अन्य प्रदूषकतत्वले माटोको उर्वराशक्ति घटाउने, पानीका स्रोतहरू प्रदूषित गर्ने तथा वनस्पतिको प्राकृतिक वृद्धि प्रक्रियामा असर पुऱ्याउने खतरा बढेको उनको भनाइ छ।

वन क्षेत्रमा डम्पिङसाइट सञ्चालन गरिनु गम्भीर वातावरणीय चुनौती भएको डिभिजन वन कार्यालय पहलमानपुरका वरिष्ठ डिभिजनल वन अधिकृत जनक पाध्या बताउँछन्। वन क्षेत्रमा फोहर फालिँदा वन्यजन्तुको वासस्थान खण्डित हुने, जैविक विविधता घट्ने तथा माटो र पानी प्रदूषित हुने जोखिम बढ्दै गएको छ उनको भनाइ छ। "वन क्षेत्रमा जथाभावी फोहर फाल्ने कार्यले तत्काल मात्र होइन, दीर्घकालीन वातावरणीय सङ्कट निम्त्याउन सक्छ।"-उनी भन्छन्।

फोहरको असर वन क्षेत्रभित्र मात्र सीमित छैन । वर्षायाममा डम्पिङसाइटमा थुप्रिएको फोहर बगेर खोलानाला, नदी तथा अन्य जलस्रोतसम्म पुग्ने गर्दछ । यसबाट प्लास्टिकजन्य पदार्थ र विभिन्न रसायन भूमिगत पानीमा मिसिने जोखिमसमेत बढेको डिभिजन वन कार्यालय कैलालीका वरिष्ठ वन अधिकृत विश्वराज पण्डित बताउँछन् । उनीले भने-"यसले स्थानीय बासिन्दाको स्वास्थ्य र वातावरण दुवैमा नकारात्मक प्रभाव पार्न सक्छ । पूर्व-पश्चिम राजमार्गसँगै रहेको यस क्षेत्रमा फैलिने दुर्गन्ध, दृश्य प्रदूषण र फोहरको थुप्रोले यात्रुहरूलाई समेत असहज बनाएको छ ।" प्राकृतिक सौन्दर्यका लागि परिचित वसन्ता क्षेत्रको छविमा समेत यसले असर पुऱ्याउन थालेको स्थानीय गोविन्द शर्मा बताउँछन्।

**विकल्पको अभावमा वन क्षेत्रमै डम्पिङ**

फोहर व्यवस्थापनका कारण वातावरणीय जोखिम बढ्दै गएका बेला स्थानीय तहहरू भने वैकल्पिक उपायको अभावसँग जुधिरहेका छन् । वन क्षेत्रभित्र डम्पिङसाइट सञ्चालन गरिनु उपयुक्त नभएको स्वीकार गरे पनि अधिकांश स्थानीय तहहरू वैकल्पिक स्थानको अभावका कारण बाध्यात्मक अवस्थामा रहेको बताउँछन्। गौरीगङ्गा नगरपालिकाले विगत लामो समयदेखि वसन्ता जैविक मार्गअन्तर्गत पर्ने वन क्षेत्रमा फोहर व्यवस्थापन गर्दै आएको छ । वातावरणीय दृष्टिले संवेदनशील मानिने यस क्षेत्रमा फोहर थुपार्दा वन्यजन्तु, वनस्पति तथा समग्र पारिस्थितिक प्रणालीमा नकारात्मक असर परिरहेको भए पनि तत्काल प्रयोग गर्न सकिने उपयुक्त स्थानको अभावले समस्या झन जटिल बनेको छ।

गौरीगङ्गा नगरपालिकाका उप-प्रमुख भोजबहादुर बम वन क्षेत्रमा डम्पिङसाइट सञ्चालन गर्नु नगरपालिकाको चाहना नभएको बताउँछन्। "उपयुक्त जमिन नपाउँदा बाध्य भई वन क्षेत्र प्रयोग गर्नु परेको हो। यो हाम्रो रोजाइ होइन", उनले भने-"हामीलाई पनि वन क्षेत्रमा फोहर फाल्नु उचित होइन भन्ने थाहा छ तर तत्काल प्रयोग गर्न सकिने अर्को विकल्प नभएकाले यही स्थान प्रयोग गर्नु परेको हो।" अहिले नयाँ स्थान पहिचानका लागि विभिन्न विकल्पहरूमा अध्ययन भइरहेको उनको भनाइ छ।

फोहर व्यवस्थापनको समस्या केवल गौरीगङ्गा नगरपालिकामा मात्र सीमित छैन। कैलालीका अन्य स्थानीय तहहरू पनि यस्तै समस्याबाट प्रभावित छन्। बर्दगोरिया गाउँपालिका, घोडाघोडी नगरपालिका तथा लम्कीचुहा नगरपालिकालगायतका पनि वन क्षेत्रमै फोहर फालिरहेका छन्। घोडाघोडी नगरपालिकाका नगर प्रमुख खडक रावत भन्छन्- "सङ्घीय सरकारबाट फोहर व्यवस्थापनका लागि बजेट प्राप्त भए पनि उपयुक्त स्थानको अभावले बजेट फ्रिज हुँदै गएको छ।" उनका अनुसार फोहर व्यवस्थापन केन्द्र निर्माणका लागि आवश्यक जमिन प्राप्त गर्न नसक्दा उपलब्ध स्रोत र बजेट प्रभावकारी रूपमा उपयोग हुन सकेको छैन । "योजना र बजेट हुँदाहुँदै पनि कार्यान्वयनको सबैभन्दा ठूलो चुनौती उपयुक्त स्थानको अभाव हो", रावत भने-"स्थानीयस्तरमा फोहर फाल्ने स्थान नहुँदा हाललाई वन क्षेत्रमा नै अस्थायी विकल्प अपनाउन बाध्य भएका छौं।"

# सहकारीका शेयर सदस्यलाई स्वास्थ्यमा छुट




**श्रीकृष्ण सिग्देल**
*भीरकोट(स्याङ्जा)*

स्याङ्जाको एक सहकारीले आफ्ना शेयर सदस्यको उपचारमा छुट दिने व्यवस्था मिलाएको छ । भीरकोट नगरपालिका स्थित शुभलक्ष्मी बचततथा ऋण सहकारी संस्थाले आफ्ना शेयर सदस्यलाई १० देखि २० प्रतिशतसम्म स्वास्थ्य सेवामा छुट दिने व्यवस्था मिलाएको हो। शुभलक्ष्मी सहकारी र पोखरास्थित गण्डकी मेडिकल कलेज बिच स्वास्थ्य सेवामा सहुलियत प्रदान गर्ने सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गर्दै सहकारीका शेयर सदस्यहरुको विभिन्न स्वास्थ्य उपचारमा छुट पाउने व्यवस्था मिलाइएको सहकारीका अध्यक्ष भक्तबहादुर केसीले जानकारी दिए।

सहकारीका शेयर सदस्यलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सहुलियतपूर्ण रूपमा उपलब्ध गराउने उद्देश्यले गण्डकी मेडिकल कलेज पोखरामा आयोजित कार्यक्रममा दुई संस्थाबिच सम्झौतापत्रमा हस्ताक्षर गरिएको मेडिकल कलेजका सूचना अधिकारी कृष्ण पौडेलले जानकारी दिए । उनकाअनुसार सम्झौतापत्रमा गण्डकी मेडिकल कलेजको तर्फबाट प्रमुख कार्यकारी अधिकृत तथा प्राचार्य डा. रविन्द्रप्रसाद श्रेष्ठ र शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्थाको तर्फबाट अध्यक्ष केसीले हस्ताक्षर गरेका हुन्।

सम्झौता अनुसार सहकारीका सदस्यहरूले रजिष्ट्रेसन शुल्कमा २० प्रतिशत छुट पाउनेछन्। त्यसैगरी बहिरङ्ग सेवाअन्तर्गत ल्याब, एक्स-रे, ईसीजी, युएसजी, सीटी स्क्यान तथा एमआरआई सेवामा १० प्रतिशत छुट उपलब्ध हुनेछ । अन्तरङ्ग सेवा अन्तर्गत बेड चार्जमा १० प्रतिशत तथा दन्त सेवामा १५ प्रतिशत छुटको व्यवस्था गरिएको सहकारीका व्यवस्थापक लेखबहादुर केसी (किरण) ले जानकारी दिए । उनका अनुसार सहकारीका सदस्यहरूको स्वास्थ्य उपचारमा आर्थिक भार कम गर्न तथा सहज रूपमा विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले यस्तो सम्झौता गरिएको प्रवन्धक केसीले बताए। यसबाट सहकारीका हजारौं सदस्य प्रत्यक्ष रूपमा लाभान्वित हुने विश्वास गरिएको छ।

सम्झौताअनुसार सहुलियत प्राप्त गर्नका लागि सेवाग्राहीले सहकारी संस्थाबाट प्रमाणित परिचयपत्र (आईडी कार्ड) वा आवश्यक भेरिफिकेसन सहित गण्डकी मेडिकल कलेजमा उपस्थित हुनुपर्नेछ । प्रमाणित परिचयपत्र वा आवश्यक भेरिफिकेसन भएका सेवाग्राहीलाई मेडिकल कलेजले सम्झौता अनुसारको सहुलियतसहित गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने जनाएको छ । स्थानीय तहमा सहकारी र स्वास्थ्य संस्थाबिचको यस्तो सहकार्यले सदस्यहरूको सामाजिक सुरक्षामा टेवा पुग्नुका साथै सहकारी प्रतिको आकर्षणसमेत बढ्ने अपेक्षा गरिएको छ।

शुभलक्ष्मी सहकारीले प्रत्येक आर्थिक वर्ष सुरु हुनुपूर्व शेयर सदस्यमैत्री कार्यक्रम अगाडि सार्दै आएको छ। यसभन्दा अगाडि गाई पालनमा अनुदान, कृषि उत्पादनमा अनुदान दिने कार्यक्रम गरेको थियो । जसले गर्दा शेयर सदस्यको आयआर्जनमा महत्वपूर्ण भूमिका खेलेको बताइएको छ। जिल्लामै सामाजिक उत्तरदायित्वमा भूमिका खेल्ने यो पहिलो सहकारी हो।

**सभामुखको...**

'स्वयम सभामुख महोदयसँग एउटा प्रश्न छ । सभामुख महोदय, हाम्रो गरिमामय जो सामुन्ने कुर्सीमा बस्नु भन्दा पहिला एउटा पार्टीसँग सम्बन्धित हुनुहुन्थ्यो । के सभामुख महोदय अहिलेसम्म त्यो पहिलेको रास्वपा पार्टी थियो यहाँको त्यो सँगको नाभी काट्न सक्नुभएको छैन कि क्या हो ?' उनले भने ।सभामुखले सदनको गरिमा बढाउन पनि प्रधानमन्त्रीको विवादित अभिव्यक्ति उपर रुलिङ गर्नुपर्ने उनको माग छ ।यही जेठ १७ गते प्रधानमन्त्री बालेनले प्रतिनिधिसभाको बैठकमा सांसदहरूका प्रश्नको जवाफ दिएका थिए।उनले भनेका थिए, 'तपाईंहरूलाई एउटा कुरा अचम्म लाग्छ होला, मैले पनि अस्ति प्रधानमन्त्री भएपछि नै थाहा पाएँ, भारतले नेपालको जग्गा मात्र हैन नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ।'

यो यस्तो अभिव्यक्तिमा विपक्षी दलहरूले प्रश्न उठाउँदै आएका छन् । सभामुखले रुलिङ गर्नुपर्ने माग राख्दै आएका छन् ।तर यस्तो भूमिका सभामुखबााट नभएको भनेर कांग्रेस संसद यादवले प्रश्न उठाएका हुन्।

सभामुखको भूमिकामाथि प्रश्न उठाएपछि रास्वपाका सांसद गणेश कार्कीले नियमापत्ति गरे।

प्रतिनिधिसभा नियमावलीको नियम २१ को 'ख' मा सभामुखले पद अनुकुलको आचरण गरेको छैन भन्ने प्रस्तावमा बाहेक सभामुखको आलोचना गर्न नपाइने प्रावधान राखेको स्मरण गरे।

यसकारण सभामुखको आलोचना गरिएको सम्बन्धी अभिव्यक्ति संसदीय रेकर्डबाट हटाइनुपर्ने रास्वपा सांसद कार्कीको माग छ।

नेकपाका सांसद गोपाल शर्माले अर्थमन्त्री स्वर्णिम वाग्ले र पूर्वाधार विकासमन्त्री सुनिल लम्सालको अभिव्यक्तिप्रति आपत्ति जनाएका छन्।

प्रतिनिधि सभाको बैठकमा बोल्दै सरकार गैरजिम्मेवार भएको टिप्पणी गरे।

उनले एउटा साधारण मान्छेले खुट्टा भाँच्ने अभिव्यक्ति दिएको भए के गर्नुहुन्छ ? भन्दै गृहमन्त्रीलाई प्रश्न गरे। उनले कानूनको पालना मन्त्रीहरूले पनि गर्नुपर्ने बताए। सरकारकै कारणले देशभर अराजकता बढेको उनले औंल्याए। उनले प्रधानमन्त्रीले दिएको गलत अभिव्यक्ति सच्चाउन, रेकर्डबाट हटाउन माग गरे । उनले सभामुखसँग प्रधानमन्त्रीको अभिव्यक्ति रेकर्डबाट हटाउन रुलिङ गर्न माग गरे।

होल्डिङ सेन्टरका सुकुम्बासीलाई सरकारले खाना र पानी दिएन : हर्क

यस्तै श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले होल्डिङ सेन्टरमा राखिएका सुकुम्बासीलाई सरकारले खानापानी नै नदिएको आरोप लगाएका छन्। प्रतिनिधिसभाको अहिले जारी बैठकको सुरुमै आफ्ना धारणा राख्दै उनले सुकुमवासीहरूलाई राखिएको कीर्तिपुरका होल्डिङ सेन्टरमा खाना र पानीकै समस्या भएको बताएका हुन्। उनले सरकारले सुकुम्बासीलाई भोकै राखेको भन्दै सभामुखको ध्यानाकर्षण गराए।

उनले प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) ले सीमा विवादबारे गएको जेठ १७ गते प्रतिनिधिसभा दिएको अभिव्यक्ति संसदीय रेकर्डबाट हटाउन पनि माग गरे।

**मन्त्रीले...**

'निर्माण क्षेत्रका वास्तविक समस्याको समाधान खोज्नुको सट्टा मन्त्री लम्सालले व्यवसायीहरूलाई धम्कीपूर्ण भाषा बोल्नु दुःखद छ'-उनले भने-' यस्ता अभिव्यक्तिले सरकार र निजी क्षेत्रबीचको सम्बन्धमा नकारात्मक असर पार्नुका साथै काम गर्ने वातावरण बिगार्छ।'

संघका सचिव राजन ज्ञवालीले सरकार व्यवसायीको अभिभावक बन्नुको साटो मन्त्रीले नै व्यवसायीको खुट्टा भांच्न निर्देशन दिनु गैरकानूनी अभिव्यक्ति भएको गुनासो गरे । मन्त्रीका अभिव्यक्रि पछि सरकार समर्थकबाट व्यवसायीमाथि सामाजिक सञ्जालमा अपमानजनक र घृणास्पद टिकाटिप्पणी बढेकाले मानसिक पीडा दिएको सचिव ज्ञवालीले बताए।

पत्रकार सम्मेलनमा निर्माण व्यवसायी महासंघका पूर्व केन्द्रीय अध्यक्ष रवि सिंहले व्यवसायीलाई आतंकित गरेर नभई सम्मानजनक व्यवहार गरेर मात्र आयोजना समयमा पूरा हुने बताए।

## नेपाल काउन्सिलको परिचयपत्र हराएको सूचना

मेरो निम्न बेहोराको नेपाल काउन्सिलको परिचयपत्र मिति २०८३।०२।१० गते सन्धिखर्कबाट नरपानी जाँदै गर्दा हराएको हुँदा फेला पार्नुहुने महानुभावले निम्न ठेगना वा नजिकैको प्रहरी कार्यालयमा बुझाइदिन अनुरोध छ।

**नामः विष्णु बहादुर खड्का**
**ठेगानाः सन्धिखर्क नगरपालिका-९, अर्घा (टारी)**
**नेपाल काउन्सिलको परिचयपत्रको नः A३५१९**

## गोलिया काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सुचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०३/०४

डिभिजन वन कार्यालको च.न.२६२३ मिति २०८३/०३/०३ गतेको लिलाम सहमति अनुसार यस श्री खरकट्टी ताल सामुदायिक वन उपभोक्ता समूह सुनवल-४, नवलपरासीको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा लट बनाई राखिएको साल र असाना जातको जम्मा गोलिया थान १६१ को २३२७.६० क्यूफिट, असाना जातको जम्मा गोलिया थान ८१ को ८८७.९२ घनफिट काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलवन्दी लिलाम बढाबढ प्रकृया द्वारा बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरी १६ औं दिन कार्यालय समय भित्र शिलबन्दि बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री खरकट्टी सामुदायिक वन उपभोक्ता समूह**
सुनवल न.पा. वडा नं. ४, नवलपरासी (ब.सु.प.)

## गोलिया काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सुचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०३/०४

प्रतापुर सुस्ता सवडिभिजन वन कार्यालको च.न.४४१ मिति २०८३/०२/११ गतेको लिलाम अनुसार यस सामुदायिक वन उपभोक्ता समूह सुस्ता-१, नवलपरासीको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा लट बनाई राखिएको असाना स्थान जातको जम्मा गोलिया थान ३८६.४२ क्यूफिट, वरौ जातको जम्मा गोलिया थान १९ थान को २०५.५० घनफिट कुसुम जातको जम्मा गोलिया २० थान २०६.२० घनफिट, खयरजातको जम्मा गोलिया ५५ थान ८२.८६ घनफिट काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलवन्दी लिलाम बढाबढ प्रकृया द्वारा बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समय भित्र शिलबन्दि बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**कालिका सामुदायिक वन उपभोक्ता समूह**
सुस्ता १, फोचुवा नवलपरासी (ब.सु.प.)

## श्री श्रीराम माध्यमिक विद्यालय पडरहवा
**कोटहीमाई गाउँपालिका-२, पडरहवा, रुपन्देही**

## कार्यालय सहयोगी सम्बन्धी आवश्यकता।

**प्रकाशित मितिः २०८३/०३/०४**

प्रस्तुत विषय सम्बन्धमा यस विद्यालयको मिति २०८३/०३/०३ गते बसेको वि.व्य.स. को बैठकको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको कार्यालय सहयोगी (संघीय) संख्या १(एक) आवश्यकता भएको हुनाले इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ।

**तपसिल**

१ ) विज्ञापन नं.:- ०८/०८२/०८३
२) पद- कार्यालय सहयोगी (संघीय)
३) संख्याः- १(एक)
४) तलब स्केल :- नेपाल सरकारको प्रचलित नियम अनुसार
५) उमेर :- १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
६) नियुक्तिको किसिम :- अस्थायी करार
७) दरखास्त दस्तुर :- ७०० (सात सय) पछि फिर्ता नहुने
८) परीक्षाको किसिम :- लिखित र अन्तरर्वार्ता
९) दरखास्त दिने मितिः- २०८३/०३/०४ गते देखि २०८३/०३/१८ गतेसम्म
१०) सम्पर्क मिति :- २०८३/०३/१९
११ परीक्षा मितिः- सम्पर्क मितिको दिन तोकिनेछ।
(१२) शैक्षिक योग्यताः-मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा कक्षा-८ उत्तीर्ण
१३) आवश्यक कागजातहरुः- क) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि २-२ प्रति (ख) नेपाली नागरिकताको प्रतिलिपि - २ प्रति (ग) हस्त लिखित आवेदन पत्र - १ थान

**(नोटः- रित नपुगेको दरखास्त उपर कुनै कारवाही गरिने छैन।)**

**थप जानकारीको लागि सम्पर्क नं.**
**वि.व्य.स. अध्यक्ष मो.नं.:- ९८०७४८४५८९**
**प्र. अ. मो. नं.:-९८४७१२५६९८**

## अर्गा सौर्य विद्युत आयोजनाको ३३ के.भी. विद्युत् प्रसारण लाइन आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः२०८३/०३/०४

अर्गा भगवती भेन्चर्स प्राइभेट लिमिटेडको लुम्बिनी प्रदेश, अर्घाखाँची जिल्ला , सन्धिखर्क नगरपालिका - १,२,३ र १० ले सन्धिखर्क नगरपालिका - ३ मा १० मे.वा क्षमताको अर्गा सौर्य विद्युत् आयोजना प्रस्ताव गरेको छु। प्रस्तावित आयोजनाको लागि सौर्य विद्युत आयोजनाको स्विच्यार्ड देखि ३.२५ कि. मि लामो ३३ के.भि विद्युत प्रसारण लाइन निर्माण नेपाल विद्युत प्राधिकरणको अर्गा सब- स्टेशन सम्म निर्माण गरि जोड्ने प्रस्ताव गरिएको छ।

सो प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ को नियम ६ बमोजिम प्रस्ताव कार्यान्वयन हुने स्थानमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने प्राबधान अनुरुप यो सुचना प्रकाशित गरियको छ। यश सुचना मार्फत प्रस्तावित आयोजना बाट प्रभावित हुने सम्बन्धित पालिका तथा वडाहरु र सो वडाको सम्पुर्ण बिधालयहरु ,स्वास्थ्य चौकी ,सामुदायिक बन उपभोक्ता समुहको प्रतिनिधिहरु , स्थानीय मानुभावहरुका प्रभावित घरधुरीहरु साथै अन्य सबै सरोकारवालाहरु लाइ निम्न मिति र स्थानमा उपस्थित भइ यश आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन उपर छलफलमा सहभागी भई अमुल्य राय सुझाब दिनुहुन हार्दिक अनुरोध गरिन्छ।

| आयोजना प्रभावित क्षेत्र सम्बन्धी विवरण | |
|---|---|
| प्रभावित जिल्ला | अर्घाखाँची जिल्ला |
| प्रभावित गाउँपालिका | सन्धिखर्क नगरपालिका - १,२,३ र १० |

**सार्वजनिक सुनुवाई हुने मिति स्थान र समय**

| | | | |
|---|---|---|---|
| मिति :२०८३/०३/१०<br>स्थान : सन्धिखर्क, नगरपालिका<br>वडा नं.- १<br>समय : बिहान ९ बजे | मिति : २०८३/०३/१०<br>स्थान : सन्धिखर्क, नगरपालिका<br>वडा नं.- २<br>समय : बिहान ११:३० बजे | मिति :२०८३/०३/१०<br>स्थान : सन्धिखर्क, नगरपालिका<br>वडा नं.- ३<br>समय : दिउँसो २ बजे | मिति :२०८३/०३/१०<br>स्थान : सन्धिखर्क, नगरपालिका<br>वडा नं.- १०<br>समय : दिउँसो ४ बजे |

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना**

| प्रस्तावक | परामर्शदाता |
|---|---|
| अर्गा भगवति भेन्चर्स प्राइभेट लिमिटेड | राज बन्धु सर्विसेज प्रा.लि. |
| का.म.न.पा.-१६, बोहराटार, काठमाडौं | बालुवाटार ४, काठमाडौं |
| | इमेलःrajbandhu services@yahoo.com |
| फोन नं.-९८५७०३९०१८ | फोन नं. : ९८४१८७११९९ |

आयोजना प्रभावित घरधुरीको विवरण सम्बिन्धित वडा कार्यालयको सुचना पाटीमा टाँस गरिएको छ।

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

दैनिक लुम्बिनी



गुर्जा गाउँः
म्याग्दीको धवलागिरि गाउँपालिका-१ गुर्जा गाउँ। छन्त्याल समुदायको बाहुल्य रहेको परम्परागत ढुङ्गे घरहरु गुर्जा वरिपरि हिमाल र पहाडले घेरिएको फाँटमा लुकेर बसेको गाउँको उपमाले चिनिन्छ। तस्विरः रासस

# चिया निर्यातमा भारतको अवरोध, सरकार मौन : राई

बुटवल । पछिल्लो समय संसद्मा नेपाली चिया निर्यातमा समस्या भएको विषय निरन्तर उठिरहेको छ । तर, सरकार बोलिरहेको छैन ।

नेपाली चिया निर्यातमा भारतको अवरोध खुलाउने विषयमा सरकार गम्भीर नभएको भनेर नेपाली कांग्रेसका सचेतक निश्कल राईले बुधबार पनि उठाए । भारतीय अवरोधले नेपाली चिया उद्योग बन्द भएको ३ दिन भइसक्दा पनि सरकार मौन रहेको भनेर प्रश्न उठाए ।

'गुणस्तर परीक्षण भन्दै छिमेकी देश भारतले चिया निर्यातमा समस्या उत्पादन गरेकाले इलामका चिया उद्योगी र किसानले, चिया factory मा ताला झुन्डाएको तीन दिन भइसक्यो ।'- उनले भने ।

चियाका सन्दर्भमा भारतीय चिया बोर्डले नयाँ मापदण्ड लगाएको छ । जसअनुसार गुणस्तर परीक्षण गर्न र तयसको प्रतिवेदन आउन दुई साता बढी लाग्ने, प्रतिवेदन नआएसम्म चिया बेच्न नपाइने नियम छ । यस्तो कार्यले नेपाली चिया नष्ट गर्नुपर्ने बाध्यता रहेको भन्दै राईले थपे- 'जसका कारण सूर्योदय नगरपालिका भित्र मात्र ५३ बढी र जिल्लाभर ८३ बढी चिया उद्योग बन्द गरिएको छ ।'

तर, यति संवेदनशील विषयमा सरकारको ध्यान पटक्कै नपुगेको उनले बताए ।

'हुनतः सम्मानिनय प्रधानमन्त्रीज्यू अन्य दुई माननीय मन्त्रीज्यूहरूलाई लिएर देश बनाउँदै हुनुहुन्छ । सामाजिक सञ्जाल हेरेर थाहा पाएको, उहाँ चिया पसलमा गएर चिया पिउन पनि भ्याउनु हुन्छ', राईले कटाक्ष गर्दै भने- 'तर, वार्षिक ३ करोडभन्दा बढी तयारी चिया निर्यात हुने र अर्थतन्त्रको मेरुदण्डकै रूपमा रहेको चिया उद्योगी र किसानको समस्या समाधान गर्न उहाँलाई फुर्सद भएको देखिएन ।'

उनका अनुसार चिया उद्योग बन्द हुँदा किसानले उत्पादन गरेको हरियो चिया खेर गएको छ । चिया टिप्ने र उद्योगमा काम गर्ने श्रमजीवीको रोजगारी गुमेको छ । उद्यमीले बैंकबाट लिएको लोनको ब्याज तिर्ने अवस्था छैन ।

आफूले चियाको समस्या पटक पटक सदनमा उठाएको पनि स्मरण गरे । प्रधानमन्त्री बालेन्द्र शाहलाई औपचारिक, अनौपचारिक फोरमहरूमा भेटेर पनि भनेको बताए । परराष्ट्र मन्त्री, कृषि मन्त्री, ऊर्जा, वाणिज्य मन्त्री समक्ष पनि एकल तथा टिएसओसीएसनका साथीहरू गएर समस्याहरू लिखित र मौखिम रूपमा राखेको भन्दै उनले चिया निर्यातको समस्याबारे सरकारले जवाफ दिनुपर्ने बताए ।

'चियाको निर्यात खुलाउन पहल गरियोस्', उनले भनेका छन्-'चिया निर्यातमा दिर्घकालिन समाधान खोजियोस् ।'

तेस्रो देशमा चियाको बजार सुनिश्चित गरेर निर्यात् प्रकृया अघि बढाउन पनि उनको माग छ ।

# देउवा दम्पत्तिले किन गरे पक्राउ पुर्जी जारी नगर्न अनुरोध ?

बुटवल । पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र उनकी पत्नी एवं पूर्वमन्त्री समेत रहेकी डा. आरजु राणा देउवाले नेपाल फर्किएर आफूहरु विरुद्ध चलिरहेको सम्पत्ति सम्बन्धी अनुसन्धानलाई सहयोग गर्न तयार रहेको भन्दै पक्राउ पूर्जी जारी नगर्न अनुरोध गरेका छन् । दुवैजनाले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र विशेष अदालतलाई संयुक्त पत्र पठाएर दुई महिनाभित्र नेपाल फर्किन तयार रहेको भन्दै नेपाल आउन कठिन हुने अवस्था नबनाइदिन आग्रह गरेका हुन् ।

दुवैजनाले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशकलाई सम्बोधन गरेर लेखेको पत्रमा भनिएको छ-'हामी सदाशयतापूर्वक अनुसन्धानमा सहयोग गर्न तत्पर रहँदारहँदै हामीलाई 'देश छाडी भागेको', 'अनुसन्धानमा उपस्थित नभएको' भन्ने जस्ता भाष्य सिर्जना गरी हाम्रा विरुद्ध पक्राउ पूर्जी जारी गर्ने र नेपाल प्रवेश गर्न नै कठिनाइ हुने अवस्था नबनाइयोस् भनी अनुरोध गरेका छौं ।'

पत्रमा असार २८ गतेको मिति उल्लेख छ । तर सम्पत्ती शुद्धीकरण अनुसन्धान विभाग सम्वद्ध स्रोतले इमेलबाट प्राप्त पत्र आधिकारिक रहेको पुष्टि गर्दै देउवा दम्पतीले नै त्रुटीबस एक महिनापछिको मिति उल्लेख गरेको बतायो । पत्रको बोधार्थप्रति विशेष अदालतमा समेत पुगेको छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले देउवा दम्पतीमाथि पक्राउ पूर्जी जारी गर्न वा मुद्दा चलाउनुपरेमा विशेष अदालत पुग्नुपर्छ । देउवा दम्पतीले आफूहरुको सम्भावित मुद्दा हेर्ने अदालतमा समेत पत्रको बोधार्थ पठाएका हुन् ।

जेनजी आन्दोलनको भोलिपल्ट अर्थात् २४ भदौमा उनीहरुमाथि बुढानीलकण्ठस्थित घरमै सांघातिक आक्रमण भएको थियो । त्यसपछि करिव छ महिना नेपालमा रहेका उनीहरु २१ फागुनको निर्वाचनअघि उपचारका लागि भन्दै सिंगापुर गएका थिए, त्यसयता नेपाल फर्किएका छैनन् ।

देउवा दम्पतीले पत्रमा आफूहरु उपचारका क्रममा रहेका बेला कसैले अख्तियार र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा उजुरी दिएको जिकिर गरेका छन् । तर अख्तियारबाट थप कुनै छानबिन नभएको भन्दै उनीहरुले सम्पती शुद्धीकरण अनुसन्धान विभागले भने आफूहरुको भग्नावशेषयुक्त घरमा मुचुल्का गरेको जनाएका छन् ।

आफूहरुले नियमित रुपमा सम्पत्ति विवरण बुझाएको र सम्पत्तिबारे छानबिन गर्नुपरेमा अख्तियारले अनुसन्धान गर्नसक्ने भन्दै उनीहरुले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट अनुसन्धान अघि बढाएकोमा प्रश्न उठाएका छन् । जेनजी आन्दोलन लगत्तै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले उपमहानिर्देशक निर्मल ढकालको नेतृत्वमा टोली गठन गरेको र उक्त टोलीले देउवा निवासबाट नगद र बहुमूल्य गहनाको अवशेष नगरेको भनी प्रतिवेदन दिएको भन्दै देउवा परिवारले त्यसपछिको अनुसन्धानमा प्रश्न उठाएका हुन् ।

'आफ्नो निर्दोषिता पुष्टि गर्नका लागि तहाँ उपस्थित भै अनुसन्धानमा सहयोग गर्न हामी तत्पर रहेको कुरा प्रारम्भिक रूपमा नै स्पष्ट गर्न चाहेका छौं,' देउवा दम्पतीले भनेका छन्- 'हाल हामी उपचारमा नै रहेको हुनाले आजको मितिले दुई महिना भित्र नेपाल फर्की तहाँ विभागलाई जानकारी गराउने व्यहोरा अनुरोध गरेका छौं ।' नगद र बहुमुल्य जलेर नष्ट भएको भन्ने हल्ला विभागले गरेको अनुसन्धानले गलत प्रमाणित भएको भन्दै देउवा दम्पतीले विभागमा पत्रमार्फत भनेका छन्-'छानबिनबाट सो तथ्य गलत प्रमाणित भैरहेको अवस्थामा थप अनुसन्धान अनवरत राखेपनि म र मेरी पत्नीलाई पक्राउ नै गरी छानबिन गर्नुपर्ने कुनै अवस्था थिएन ।'

आफूहरुको पक्राउपूर्जीविरुद्ध देउवा सर्वोच्च अदालत पुगेका थिए । सर्वोच्च अदालतले अध्यादेशमार्फत् अदालतको क्षेत्राधिकार फेरिएर विशेष अदालतमा पुगेको अवस्थामा जिल्ला अदालतबाट जारी भएको पक्राउ पूर्जीका आधारमा पक्राउको प्रयास गर्नु उचित नहुने भन्दै पक्राउ पूर्जी नै खारेज गरेको थियो ।

आफूहरु महिनौसम्म नेपाल बस्दा अनुसन्धान नहुने, तर विदेश जानासाथ अनुसन्धान अघि बढेर पक्राउ पूर्जी जारी भएको भन्दै उनीहरुले आफूहरु लामो समय सार्वजनिक जीवनमा रहेकाले कानूनसम्मत र खुला रुपमा नै आफूहरु कानूनी उपचारमा जाने बताएका हुन् ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा दम्पती विरुद्ध जिल्ला अदालतबाट पक्राउ अनुमती लिएको थियो । शुरुमा देउवा परिवारले जिल्ला अदालत काठमाडौंबाट जारी भएको पक्राउ पूर्जी नै खारेज गराउन चाहन्थ्यो । त्यसका लागि उनीहरु सर्वोच्च अदालत गएका थिए ।

# प्राध्यापकलाई तलबभत्ता फिर्ता गर्न १५ दिनको समय

बुटवल । त्रिभुवन विश्वविद्यालयले अध्ययन बिदामा गएर नफर्किएका प्राध्यापकलाई तलब भत्ता फिर्ता गर्न १५ दिनको समय दिएको छ । अध्ययन बिदा सुव्यवस्थापन कार्यान्वयन समितिका संयोजक डा. जीवन काफ्लेका अनुसार सार्वजनिक सूचना जारी गरेर अन्तिम पटक १५ दिनको समय दिइएको हो ।

'अध्ययन बिदा उपभोग गरेपश्चात् विश्वविद्यालयको नियमानुसार सेवामा नफर्केका र फर्की पूरा अवधि सेवा नगर्ने शिक्षक तथा कर्मचारीहरूलाई सम्पर्कमा आउन सूचना प्रकाशित गरेका छौँ,' काफ्लेले भने-'विश्वविद्यालयसँग गरिएको कबुलियतनामा एवं नियमानुसार कानूनी कारबाहीको प्रक्रिया अगाडि बढाइने छ ।' काफ्ले नेतृत्वको समितिलाई नफर्किएका प्राध्यापकको खोजबिन गर्न र रकम फिर्ता लिन असारसम्मको समय दिइएको थियो । १५ दिनसम्म पनि नआएमा समितिले हालसम्म रकम फिर्ता गर्ने र नफर्किएकाको विवरणसहितको प्रतिवेदन विश्वविद्यालय नेतृत्वलाई बुझाउने छ ।

सरकारले समेत अध्ययन बिदामा गएर नफर्किनेलाई कानुनी दायरामा ल्याउन तदारुकता दिएपछि रकम फिर्तासँगै नफर्किएका प्राध्यापकलाई सम्पर्कमा आउन १५ दिनको समय दिइएको हो । 'सरकारले काम प्रभावकारी बनाउन निर्देशन दिएको छ । शिक्षा मन्त्रीज्यूले पनि गम्भीरतापूर्वक चासो लिनु भएको छ ।'-संयोजक काफ्ले भन्छन् ।

नफर्किका प्राध्यापकको खोजबिन गर्न त्रिभुवन विश्वविद्यालयका पदाधिकारीले समितिलाई सहयोग र सहजीकरण गरिरहेका छन् । 'त्रिविले निर्णय गरेर नै समिती बनाएर हामीले काम गरेका हौं । पदाधिकारीबाट पूर्ण सहयोग भएका कारण सम्भव भएको हो ।'- काफ्लेले भने । अध्ययन बिदामा गएका प्राध्यापक विदेशमै लुक्ने गरेको समाचार प्रकाशित भएपछि त्रिविले खोजबिन गर्न समिति बनाएको थियो । समितिले खोजबिन गर्दा ३९८ जना प्राध्यापकले बिदाको दुरुपयोग गर्दा त्रिभुवन विश्वविद्यालयलाई २ अर्ब बढी नोक्सानी भएको छ ।

५० जनाले फिर्ता गरे ११ करोड ८४ लाख, रकम फिर्ता गर्नेमा सांसद पनि

समितिका अनुसार हालसम्म ५० जनाले रकम फिर्ता गरेका छन् । उनीहरूले ११ करोड ८४ लाख रुपैयाँ फिर्ता गरेका छन् । अध्ययन बिदा लिएर पूरा समय काम नगरेका सांसदलेसमेत रकम फिर्ता गरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र नेपाली कांग्रेसका सांसदले तलब-भत्ता फिर्ता गरेका छन् । कैलाली-५ बाट निर्वाचित रास्वपा सांसद डा. आनन्द चन्द र गण्डकी प्रदेशबाट राष्ट्रिय सभामा निर्वाचित कांग्रेस सांसद जगत तिमिल्सिनाले रकम फिर्ता गरेका हुन् । सांसद हुनुअघि उपप्राध्यापक चन्द त्रिवि पाटन संयुक्त क्याम्पस र सहप्राध्यापक तिमिल्सिना व्यवस्थापन केन्द्रीय विभागमा कार्यरत थिए । चन्दले गत ३० चैतमा ४४ लाख ५६ हजार र तिमल्सिनाले गत २ वैशाखमा ३३ लाख ५० हजार रकम फिर्ता गरेका हुन् । त्रिविको शिक्षक, कर्मचारी सेवासम्बन्धी नियम २०५० मा ३ वर्षभन्दा बढी ५ वर्षसम्मको अध्ययन बिदा उपभोग गरेका शिक्षकले फर्केर कम्तीमा ५ वर्ष सेवा गर्नुपर्ने उल्लेख छ । यदि ३ वर्षको अध्ययन बिदा उपभोग गरेमा कम्तीमा ३ वर्ष विश्वविद्यालयको सेवामा रही काम गर्नुपर्ने नियम छ । तर बिदामा गएका धैरैजसो प्राध्यापक फर्किने गरेका छैनन् ।

दैनिक पत्रिका
प्रादेशिक पत्रिका
राष्ट्रिय दैनिक
प्रदेश समाचार
आजको दैनिक
नेपाल समाचार
राष्ट्रिय मिडिया सम्मेलन २०८३
संकटमा नेपाली मिडिया : बन्द होइन, रूपान्तरणको बेला
मिडिया सञ्चालक तथा प्रकाशकहरूमा हार्दिक आमन्त्रण
नेपाली मिडिया उद्योग, विशेषगरी छापा माध्यम, वर्तमान समयमा आर्थिक, नीतिगत तथा संरचनागत चुनौतीहरूको सामना गरिरहेको छ। सरकारी विज्ञापनको मापदण्डमा आधारित, पारदर्शी र न्यायोचित वितरण सुनिश्चित गर्न तथा मिडिया क्षेत्रका साझा समस्या र सम्भावित समाधानबारे गहन छलफल गर्न राष्ट्रिय मिडिया सम्मेलन २०८३ आयोजना गरिएको छ।
देशभरका राष्ट्रिय तथा प्रादेशिक दैनिक पत्रिकाका प्रकाशक तथा सञ्चालकहरूको सहभागितामा नीति संवाद, अनुभव आदान-प्रदान तथा समाधानमुखी बहस सञ्चालन गरिनेछ।
अतः कुनै कारणवश औपचारिक निमन्त्रणा पत्र प्राप्त नभएको अवस्थामा यसै सूचनालाई आधार मानी देशभरबाट प्रकाशित हुने राष्ट्रिय तथा प्रादेशिक दैनिक पत्रिकाका प्रकाशक तथा सञ्चालकहरूलाई सम्मेलनमा सहभागी भई कार्यक्रमलाई सफल बनाउन हार्दिक अनुरोध गर्दछौं।
मिति: ६, ७ असार २०८३
समय : ६ गते - दिउँसो १:०० बजेदेखि | ७ गते -बिहान ८:०० बजेदेखि दिउँसो १:०० बजेसम्म
स्थान: होटल महाराजा, कालिकानगर, बुटवल
आयोजक : Publishing & Broadcasting Association Lumbini Nepal
सहआयोजक : NEPAL MEDIA SOCIETY
सम्पर्क : बोधराज त्रिपाठी - ९८५१०४६०३३ | नवराज कुँवर - ९८५१०४४६२८
"सबल, दिगो र उत्तरदायी मिडियाका लागि साझा संवाद"

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं
- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल / मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल ढोकामा जालीको प्रयोग गरौं.
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं ।
- सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो ।
नेपाल सरकार विज्ञापन बोर्ड

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com